नेपाल सरकार

शिक्षक सेवा आयोग

## निम्नमाध्यमिक तह अध्यापन अनुमतिपत्रको विज्ञापन

(प्रकाशित मितिः २०८२/०६/१२ गते)

शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ६घ को उपनियम (१) बमोजिम अयोग्य नभएका र नियम ९ को उपनियम (१) को खण्ड (ख) तथा उपनियम (६) बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्र लिन चाहने इच्छुक व्यक्तिहरूले आयोगको आधिकारिक अनलाइन दरखास्त पोर्टल https://license.tsc.gov.np/ मार्फत अनलाइन दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञापन प्रकाशित गरिएको छ। अनलाइन दरखास्तमा आवेदन गर्दा व्यक्तिगत विवरण एवम् पेश गरेका कागजातहरू राजस्व दस्तुर बुझाई सकेपछि परिमार्जन/संशोधन तथा थपघट गर्न नसकिने व्यहोरा सूचित गरिन्छ। व्यक्तिगत विवरण र पेश गर्नुपर्ने कागजातहरू सुनिश्चित गरेर मात्र अनलाइन दरखास्त पेश गर्नुपर्नेछ। पेश गरिएपछि फरक परेमा वा पर्न गएमा व्यक्ति स्वयम् जवाफदेही हुनुपर्ने र त्यस्ता दरखास्त आयोगबाट जुनसुकै बखत रद्द गरिनेछ ।

१. विज्ञापन नम्बरः ४४/०८२/८३

२. परीक्षाको किसिमः लिखित परीक्षा

३. दरखास्त दस्तुरः रु. ७००/-

४. दरखास्त दिने अन्तिम मितिः २०८२ कार्तिक १० गते।

५. दोब्बर दस्तुर बुझाई दरखास्त दिने मितिः २०८२ कार्तिक १७ गतेसम्म ।

६. उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भएको।

७. दरखास्तको माध्यमः

विज्ञापन भएको तहमा अनलाइन दरखास्त पोर्टलमार्फत् दरखास्त दिनुपर्नेछ । आयोगको अनलाइन दरखास्त पोर्टल https://license.tsc.gov.np/ मा Click गरी अनलाइन दरखास्त पोर्टलमार्फत् दरखास्त पेश गर्न सकिनेछ । दरखास्त पेश गर्ने विधिसम्बन्धी विस्तृत जानकारी आयोगको लाइसेन्स दरखास्त पोर्टलमा रहेको प्रयोगकर्ता पुस्तिकामा हेर्न सकिनेछ ।

८. परीक्षा सञ्चालन हुने मिति र समयः २०८२/०८/२० गते दिउँसो १:०० बजे।

९. परीक्षा केन्द्र

प्रदेश राजधानी रहेको जिल्ला र आयोगले आवश्यकतानुसार तोकेका अन्य जिल्लाहरू । अन्य विस्तृत जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिने छ ।

उपसचिव

१०. दरखास्त दस्तुर बुझाउने बैंक र विधि

आयोगको अनलाइन पोर्टलबाट फाराम भरी submit गर्नुपर्नेछ। फाराम submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भए नभएको यकिन गर्ने। यकिन गरिसकेपछि "दरखास्त पेश गरेको विवरण" मा Click गर्ने। दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा आफ्नो सबै विवरण ठीक भएको यकिन गर्ने। त्यसपछि दस्तुर बुझाउनका लागि "यहाँ क्लिक गर्नुहोस्" मा Click गर्ने। बैंक Option मा "राष्ट्रिय बाणिज्य बैंक" वा "नेपाल बैंक लिमिटेड" मध्ये कुनै एक Option छनोट गर्ने। बैंक छनोट पश्चात् "भौचर प्राप्त गर्नुहोस्" मा Click गर्ने। भौचर Generate भएपछि उक्त भौचर प्रिन्ट गरी तोकिएको समयभित्र सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ । Online payment गर्नेको हकमा भौचर Generate भएपछि त्यसै पेजमा रहेको "अनलाइन भुक्तानी गर्नुहोस्" Button मा Click गर्ने । त्यसपछि online भौचर Generate हुनेछ र रकम भुक्तानी गर्न Connect IPS, E-Sewa, Khalti र IME Pay विकल्पहरू आउने छन् । त्यसपछि Connect IPS, E-Sewa, Khalti र IME Pay मध्ये कुनै एक विकल्पमा Click गर्ने । तत्पश्चात् "रकम भुक्तानी गर्नुहोस्" मा Click गर्ने । त्यसपछि छनोट गरिएको विकल्पमा Username and password राखी Online Payment मा आफ्नो नामसहितको विवरण मिलेमा तोकिएको रकम (तोकिएको मिति बमोजिमको सिङ्गल वा दोब्बर दस्तुर) दाखिला गर्ने। रकम दाखिला भए नभएको यकिन गरी रकम दाखिला (Payment) को सत्यापन भएपछि मात्र आफ्नो निवेदन दाखिला भयो भनी सुनिश्चित हुने। प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ। यसका लागि आफ्नो इमेल, उम्मेदवार सङ्केत नम्बर (Candidate ID) र पासवर्ड सुरक्षित साथ राख्नुपर्नेछ ।

११. दरखास्त दस्तुर बुझाउने अवधि

दरखास्त दिने अन्तिम मिति २०८२।०७।१० गते राति ११:५९ बजेभित्र राजस्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी मिति २०८२।०७।११ गते बैंकिङ कारोबार हुने समयभित्र र दोब्बर दस्तुर तिरी दरखास्त पेश गर्नेका हकमा मिति २०८२।०७/१७ गते राति ११:५९ बजेभित्र भौचर प्रिन्ट गरी मिति २०८२/०७/१८ गते बैङ्किङ्ग कारोवार हुने समयभित्र अनिवार्य रुपमा दरखास्त दस्तुर बुझाई सक्नुपर्नेछ । तर मिति २०८२/०७/११ गते वा मिति २०८२/०७/१८ गतेका दिनमा सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको पहिलो दिन बैंकिङ कारोबार हुने समयभित्र राजस्व बुझाउन सकिने छ । **सो समयभित्र राजस्व नबुझाई आवेदन रद्द हुन गएमा व्यक्ति स्वयम् जवाफदेही हुनुपर्ने बेहोरा सूचित गरिन्छ ।**

उपसचिव

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

> मिति २०८२/०६/१२ गतेदेखि मिति २०८२/०७/१० गते राति ११:५९ बजेभित्र सिंगल दस्तुरको रू ७००/-बैक भौचर जेनेरेट गरेकाको हकमा मिति २०८२/०७/११ गते बैङ्किङ्ग कारोवार हुने समयभित्र अनिवार्य राजस्व दस्तुर तिरिसकेको हुनुपर्ने र मिति २०८२/०७/११ गतेदेखि मिति २०८२/०७/१७ गते राति ११:५९ बजेभित्र दोब्बर दस्तुरको रू १,४००/- बैक भौचर जेनेरेट गरेकाको हकमा मिति २०८२/०७/१८ गते बैङ्किङ्ग कारोवार हुने समयभित्र अनिवार्य राजस्व दस्तुर तिरिसकेको हुनुपर्ने छ अन्यथा अनलाइन प्रणालीबाट नै दरखास्त अस्वीकृतको जानकारी प्राप्त हुनेछ।

१२. आवश्यक न्यूनतम योग्यता

(क) नेपाली नागरिक।

(ख) शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ६घ को उपनियम (१) बमोजिम अयोग्य नभएको।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको वा दुई सय (२००) पूर्णाङ्कको शिक्षासम्बन्धी विषय सहित माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) उत्तीर्ण गरेको।

(घ) तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो योग्यता भएका व्यक्तिहरूले समेत दरखास्त दिन सक्नेछन्।

१३. अपलोड गर्नुपर्ने कागजातहरू :

नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको फोटो, दस्तखत नमुना, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, तालिमको प्रमाणपत्र र समकक्षता प्रमाणपत्र (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा) Scan गरी अनलाइन दरखास्त प्रणालीले निर्दिष्ट गरेको स्थानमा JPEG/PNG format (बढीमा 200 KB र घटीमा 75 KB) मा Upload गर्नुपर्ने छ । दरखास्तमा उल्लेख गरेको विवरण र पेश गरिएका कागजातका सम्बन्धमा उम्मेदवार स्वयम् नै पूर्ण जवाफदेही हुनु पर्नेछ र उल्लिखित विवरण एवम् कागजात झुट्टा ठहरेमा त्यस्तो दरखास्त वा अध्यापन अनुमतिपत्र जुनसुकै समयमा पनि रद्द हुनेछ।

१४. विज्ञापन सम्बन्धी थप जानकारी

(क) विदेशी शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको भए समकक्षताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने ।

(ख) अध्यापन अनुमतिपत्र वितरण र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को दफा ६ (ख) बमोजिम निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्रका लागि आवश्यक शैक्षिक योग्यता र तालिम सम्बन्धमा:

उपसचिव

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

(१) कुनै व्यक्तिले कक्षा ११ मा मात्र वा कक्षा १२ मा मात्र वा कक्षा ११ र कक्षा १२ मा गरी शिक्षासम्बन्धी जम्मा दुई सय पूर्णाङ्कको विषय अध्ययन गरी माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरह उत्तीर्ण गरेको भए तालिम प्राप्त भएको मानिनेछ।

(२) सम्बन्धित उम्मेदवारको प्रमाणपत्रमा Credit hour/Grade point मात्र उल्लेख भएको तर पूर्णाङ्क नखुलेको हकमा कक्षा ११ मा मात्र वा कक्षा १२ मा मात्र वा कक्षा ११ र कक्षा १२ मा गरी शिक्षासम्बन्धी जम्मा दुईवटा विषय अध्ययन गरी उत्तीर्ण गरेको भएमा तालिम प्राप्त भएको मानिनेछ।

(ग) कुनै व्यक्तिले तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्को विशेष पाठ्यक्रम (Special Curriculum) बाट कक्षा १२ उत्तीर्ण गरेको भए त्यसलाई शैक्षिक उपाधिको मान्यता नदिई तालिम प्रयोजनका लागि मात्र मान्यता दिइएको हुँदा त्यस्ता व्यक्ति यो विज्ञापनमा उम्मेदवार हुन सक्ने छैनन् ।

(घ) लिखित परीक्षा एकै दिन एकै समयमा हुने भएकोले जुन प्रदेशबाट परीक्षामा सहभागी हुन चाहेको हो सोही प्रदेश छनोट गर्नुपर्नेछ। तर एक व्यक्तिले एक प्रदेशभन्दा बढी प्रदेशमा दरखास्त दिन पाइने छैन।

(ङ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेको वा कुनै शर्त राखी पेश गरिएको दरखास्तमाथि कुनै कारवाही गरिने छैन।

(च) दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम पूरा गरेको मिति प्रयोजनका लागि गणना गरिने छैन।

(छ) कुनै व्यक्तिले झुट्टा विवरण (कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो व्यक्तिको दरखास्त र अनुमतिपत्रको प्रमाणपत्र जुनसुकै बखत रद्द गरी प्रचलित कानुनबमोजिम कारवाही गरिनेछ ।

(ज) अपाङ्गता भएको कारण आफैंले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यून दृष्टि र दुवै हात नचल्ने) व्यक्तिले सहयोगी लेखक माग गर्दा तोकिएको न्यूनतम योग्यताभन्दा कम्तीमा एक तह मुनिको योग्यता भएको व्यक्तिमध्येबाट परीक्षा केन्द्र रहेको सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमा रहेका रोष्टरबाट लेखन सहयोगी लिनका लागि इकाइले अनुमति दिनेछ ।

(झ) आयोगको वेबसाइट www.tsc.gov.np/डाउनलोड मा Click गरी पाठ्यक्रम (मिति २०७८/१२/०२ मा प्रकाशित) प्राप्त गर्न सकिनेछ ।

उपसचिव